मार्मा गाउँपालिकाको

आ.ब २०७९/०८० को

# बजेट वक्तव्य

# २०७९

सर्मिला कुमारी चन्द (सिंह) उपाध्यक्ष

मार्मा गाउँपालिका , दार्चुला

सुदूरपश्चिम प्रदेश

नेपाल

यस एघारौ गाउँसभाका अध्यक्ष एवम् मार्मा गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, भुतपुर्व जनप्रतिनिधि ज्यूहरु, ईलाका प्रहरी कार्यालयका प्रमुख ज्यू मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण रास्ट्रसेबक कर्मचारीहरु, शिक्षक तथा बुद्धिजीवी ज्यूहरु, पत्रकार मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट सार्बजनिकिकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण उपस्थित महानुभावहरुमा मार्मा गाउँपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्ष पश्चात प्राप्त भएको हो । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि जनयुद्द जनआन्दोलन, मधेश आन्दोलन, लगायतका ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु, साथै विभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । जनताका प्रतिनिधिहरु मार्फत जारी भएको संबिधानको परिधि भित्र रही यस मार्मा गाउँ पालिकाको एघारौं गाउँ सभामा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

स्थानीय सरकार गठन भए पछि हामी माझ एकातर्फ आन्तरिक आम्दानीका श्रोतको अभाव रहेको छ भने अर्को तर्फ दक्ष जनशक्ती तथा श्रोतसाधनको अभाव जस्ता कारणले अपेक्षित उपलब्धीहरु हासिल गर्न समस्या रहेपनि जनताको भावना अनुरुप उपलब्धि हासिल गर्न मार्मा गाउँपालिका निरन्तर प्रयासरत रहनेछ ।

हालसम्मको प्राप्त उपलब्धीहरुलाई थप मजबुद पार्दै आगामी वर्षको योजना तथा कार्यक्रमले राखेका लक्ष्यहरु कार्यान्वयन गर्न आ व २०७९/८० का लागि बजेट पेश गर्न गईरहको छु।

**आ व २०७९/८० को बजेट निर्माण गर्दा तपसीलका पक्षहरुमा ध्यान दिएको छु ।**

राज्यको निर्देशक सिद्दान्त संघीय एवं प्रादेशिक आर्थिक नीति तथा मार्मा गाँउपालिकाको नीति तथा कार्यक्रम, आर्थिक ऐन २०७९, विनियोजन ऐन २०७९ एवं गाउँसभाका सदस्यहरुको सुझावलाई समेत समेटी यो बजेट निर्माण गर्न ध्यान पुर्याएको छु ।

- ✓ मार्मा गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक विविधता तथा सांस्कृतिक पक्षहरुमा ध्यान दिएको छु ।
- ✓ **समृद्ध मार्मा सुखी मार्माली जनता** भन्ने मान्यतामा आधारित जनउत्तरदायी पारदर्शी मेहनति र सहयोगी संयन्त्र सहितको परिचालन गर्ने ढाँचा तयार गरिनेछ ।
- ✓ दिगो विकासका लक्ष्य १५ औं योजनाको परिधि भित्र रहि मध्यकालिन खर्च संरचनाको आँकलन |
- ✓ गाँउपालिकाले संघीय एवं प्रदेश सरकारवाट प्राप्त गरेका वित्तिय समानीकरण शसर्त अनुदान राजश्व बाँडफाँड तथा मार्मा गाउँपालिकाको आन्तरिक श्रोतसाधनलाई ध्यान दिई बजेट तर्जुमा गरेको छु ।
- ✓ जनताको आकाँक्षा एवं जनप्रतिनिधिहरुको विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधीमा रही बजेट तर्जुमा गरेको छु ।
- ✓ बजेट तर्जुमा गर्दा नागरिकको स्वास्थ, सुरक्षा, उत्पादन र आर्थिक उपार्जन रोजगारी सिर्जना क्रमागत योजना सम्पन्नता लक्षित पुर्वाधार विकासका साथै आयआर्जन र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने जस्ता पक्षलाई समेटेको छु ।

**उपस्थित महानुभावहरु,**

चालु आर्थिक वर्ष २०७९ /८० को बजेटका मूख्य उदेश्यहरु देहाय अनुसार रहेका छन ।

- ✓ गाउँपालिकामा रहेको गरिबीलाई न्यूनीकरण गर्न तयार पारिएका रणनीतिक योजना जीविकोपार्जन कार्यान्वयन योजना कार्यान्वयन गर्ने,
- ✓ गाउँपालिकाको नीतिगत, सस्थागत सुधार शैक्षिक तथा स्वास्थ्य क्षेत्र र भौतिक पुर्वाधार स्थापनालाई प्राथमिकताका साथ अगाडी बढाउने,
- ✓ सुशासन प्रबर्द्धन कायम गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक र उत्पादनमुलक बनाउने ,
- ✓ सामाजिक तथा आर्थिक रुपले पछाडी परेका वर्गहरु एवं बेरोजगार युवाहरुलाई रोजगार सृजना गरी आत्मनिर्भर तर्फ उन्मुख गराउने ,

- ✓ समाजमा पछाडी परेका र सिमान्तकृत वर्गहरुलाई विकासको मुल प्रवाहमा समेटिने छ | जवाफदेही, उत्तरदायी तथा पारदर्शी संयन्त्र सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चिता,
- ✓ उपलब्ध साधनश्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी गाउँपालिकाको पुर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने,

*उपस्थित महानुभावहरु*

आगामी आर्थिक बर्ष २०७९/०८० मा मार्मा गाउँपालिकाको लागि संघीय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त अनुदान तथा राजश्व बाँडफाँडको अनुमानित अनुदान, गाउँपालिकाको आन्तरिक आम्दानी देहाय बमोजिम पेश गर्दछु ।

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु. ११,५९,००,०००/-(एघार करोड उनसाठी लाख )
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु. १६,५८,००,०००/-( सोह्र करोड अन्ठाउन्न लाख )
- ✓ संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ७०,००,०००/-( सत्रि लाख )
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. ६,२४,००,०००/- ( छ करोड चौबिस लाख )
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ८,२८, ४४,०००/-(आठ करोड अठ्याइस लाख चौवालिस हजार)
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. ८२, ४८,०००/-(बयासी लाख अठचालिस लाख )
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. ११,१७,०००/-(एघार लाख सत्र हजार )
- ✓ प्रदेश सरकार समपुरक अनुदान रु .२५,००,०००/-(पच्चिस लाख )
- ✓ प्रदेश सरकार बिशेष अनुदान रु. ३८,६०,०००/- (अठ्तीस लाख साठि हजार )
- ✓ आन्तरिक आय रु . ५०,५०,०००/-(पचाँस लाख पचाँस हजार )

माथि उल्लेखित संघीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान शसर्त अनुदान राजश्व बाँडफाँड तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आगामी आर्थिक वर्ष २०७९/०८० को चालु, पुँजीगत र वित्तिय व्यवस्थापन तर्फ गरी कुल बजेट रु. ४५,४७,१९,०००/-( पैचालिस करोड सत्चालिस लाख उन्नाईस हजार मात्र ) अनुमान गरेको छ ।

त्यसै गरि आगामी दुइ आर्थिक बर्ष २०८० /०८१ र ०८१/०८२ मा मार्मा गाउँपालिकाको लागि संघीय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त अनुदान तथा राजश्व बाँडफाँड र गाउँ पालिकाको आन्तरिक आयको अनुमानित आय देहाय बमोजिम प्रक्षेपण गरेको छ ।

**आ.व. २०८०/०८१को आय अनुमानः**

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु. १२, ७४,९०,०००/- (बार करोड चौहत्तर लाख नब्बे हजार)
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु. १८,२३,८०,०००/- ( अठार करोड तेइस लाख असि हजार)
- ✓ संघीय सरकारबाट प्राप्त हुने सम्पुरक अनुदान रु. १०००००००/-(एक करोड)
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. ६,५०,००,०००/-(छ करोड पचास लाख)
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ९,११,२८,०००/-(नौ करोड एघार लाख अट्ठाइस हजार)
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. ९०,७२,०००/-(नब्बे लाख बहत्तर हजार)
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. १२,२८,०००/-(बारह लाख अट्ठाइस हजार)
- ✓ प्रदेश सरकार सम्पुरक अनुदान रु. ५०,००,०००/-(पचास लाख)
- ✓ प्रदेश सरकार बिशेष अनुदान रु. ५०,००,०००/-(पचास लाख)
- ✓ आन्तरिक आय प्राप्त रु . ५५, ५०,०००/-(पचपन्न लाख पचास हजार)

माथि उल्लेखित संघीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान शसर्त अनुदान राजश्व बाँडफाँड तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आगामी आर्थिक वर्ष २०८०/०८१ को चालु खर्च शीर्षक तथा र पुँजीगत खर्च शीर्षक गरी कुल बजेट रु. ५० करोड १८ लाख ४८ हजार मात्र अनुमान गरेको छु ।

**आर्थिक बर्ष २०८१ /०८२ को आय अनुमानः**

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु. १४,२७, ८८,०००/- (चौध करोड सत्ताइस लाख अठासी हजार)
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु. २०,४२,६५,०००/-,(बिस करोड बयालीस लाख पैसट्ठी हजार)
- ✓ संघीय सरकारबाट प्राप्त हुने सम्पुरक अनुदान रु. १,५०,००,०००/-(एक करोड पचास लाख)
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. ६,५०,००,०००/-(छ करोड पचास लाख)
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. १०,२०,६३,०००/-(दस करोड बिस लाख त्रिसट्ठी हजार)
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. १,०१,६०,०००/- हजार(एक करोड एक लाख साठी हजार)
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. १३, ७५,०००/-( तेर्ह लाख पचहत्तर हजार)
- ✓ प्रदेश सरकार सम्पुरक अनुदान रु .१,००,००,०००/-( एक करोड)
- ✓ प्रदेश सरकार बिशेष अनुदान रु. ५०,००,०००/-(पचास लाख)
- ✓ आन्तरिक आय प्राप्त रु . ६०,५०,०००/- हजार( साठी लाख पचास हजार)

माथि उल्लेखित संघीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान शसर्त अनुदान राजश्व बाँडफाँड तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ को चालु खर्च शीर्षक तथा र पुँजीगत खर्च शीर्षक गरी कुल बजेट रु. ५६ करोड १७ लाख १ हजार मात्र अनुमान गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

अब म आर्थिक बर्ष २०७९/०८० को आय  व्ययको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाको कुल विनियोजित बजेट रु ४५ करोड ४७ लाख १९  हजार मध्ये चालु तर्फ रु ३० करोड ३२ लाख ८ हजार (६६.६८ प्रतिशत ), पुजीगततर्फ रु १४ करोड ७५ लाख ११ हजार (३२.४४प्रतिशत) र वित्तीय व्यवस्थापन तर्फ रु ४० लाख (०.८८ प्रतिशत) खर्च हुने अनुमान गरेको छु ।

**आर्थिक बर्ष २०७९ /०८० को बजेट सारांस तपसिल अनुसार रहेको छ ।**

- कृषि क्षेत्रको समग्र बिकास तथा कार्यक्रम संचालनको लागि संघिय सरकार बाट  रु. ३३ लाख प्राप्त  भएकोमा  गाउँपालिकाबाट थप रु १५ लाख बिनियोजन गरेको छु ।
- पशुपंक्षी  क्षेत्रको समग्र बिकास तथा कार्यक्रमको लागि संघीय सरकार बाट रु. ४ लाख प्राप्त भएकोमा  गाउँपालिका बाट थप रु. २५ लाख बिनियोजन गरेको छु ।
- गुल्जर सास्कृतिक तथा पर्यटकीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रमका लागि संघिय सरकारबाट प्राप्त हुने बजेटमा थप गाउँपालिका बाट रु. २५ लाख बिनियोजन गरेको छु ।
- लटिनाथ पर्यटकीय पूर्वाधार बिकाश कार्यक्रम प्रदेश सरकार संगको सहकार्यमा अगाडी बढाउन  बजेटको व्यवस्था मिलाएको छु ।
- तपोवन तिर्थस्थलको सम्भाव्यता अध्ययन गरि कार्यक्रम अगाडी बढाउन बजेटको व्यवस्था मिलाएको छु ।
- मार्माको मौलिक लोक सस्कृति, परम्परा, भेषभुसा आदि झल्किने सामाग्री संकलन गरि एउटा मार्माली संग्रालय स्थापना गर्न प्रदेश सरकार संग समन्वय गरि निर्माण कार्य अगाडी बढाउन बजेटको व्यवस्था मिलाएको छु ।
- मार्मा गाउपालिकाको वडा न २ स्थित घाटबगरमा  मार्मा औधोगिक ग्रामको निर्माण कार्यको लागि संघबाट प्राप्त हुने रकममा थप रु. १५ लाख बिनियोजन गरेको छु ।
- अहिले संचालनमा रहेको च्यूरी तथा साबुन उद्योगलाइ थप व्यवस्थित गर्न प्रदेश सरकारबाट प्राप्त हुने रकममा थप आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।

- स्थानीय उद्यम र उद्यमी प्रवर्धन गर्ने उदेश्य सहित पालिकामा संचालित लघुउद्यम बिकास कार्यक्रमको लागि संघ सरकारबाट रु. ३० लाख प्राप्त भएकोमा उक्त कार्यक्रमको क्षेत्र सबै वडामा पुर्याइ स्थापित उद्यमहरुमा प्राबिधिक सहयोगको लागि थप ५ लाख बजेटको व्यवस्था मिलाएको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा संघ सरकारबाट रु ८० लाख १५हजार प्राप्त बजेटमा थप अध्यक्ष स्वोरोजगार कार्यक्रम मार्फत बेरोजगार युवा हरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अनुसार थप रु. ४० लाख बजेट बिनियोजन गरेको छु ।
- शैक्षिक क्षेत्रको समस्या सामाधान गर्ने गरि शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु २ करोड ५२ लाख बजेट बिनियोजन गरेको छु, जसमा बालविकास सहजकर्ता र बिद्यालय कर्मचारीको बढेको तलब समेत समाबेश गरिएको छ ।
- मार्मा गाउँपालिका भित्र रहेका टुहुरा, अनाथ बालबालिकाको अभिभावक **मार्मा गाँउपालिका कार्यक्रमको** लागि रु. ५लाख ५०हजार बजेट को व्यवस्था मिलाएको छु ।
- निजि श्रोत बाट १ देखि १२ सम्म संचालित बिद्यालयहरुलाई दिदै आइरहेको अनुदान अन्तर्गत लटिनाथ मा.बि रस्कोटलाइ रु ७ लाख, तपोवन मा.बि पर्पडालाइ रु. ८ लाख र दुर्गेस्वरी मा.बि घोल्जरलाइ रु ८ लाख बिनियोजन गरेको छु ।
- लटिनाथ क्याम्पसलाइ दिइदै आएको अनुदान लाइ निरन्तरता दिई रु १५ लाख बिनियोजन गरेको छु ।
- स्वास्थ्य क्षेत्र व्यवस्थापन अन्तर्गत क्षमता बिकास, स्वास्थ्य कर्मी परिचालन, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकीकरण, स्वास्थ्यकर्मी प्रोत्साहन, महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन सहित रु. १ करोड ८९ लाख ४० हजार बजेट विनियोजन गरेको छु ।
- वडा न १ को तोलिमान्डु, दह र वडा न ५को जन्निगाउमा स्वास्थ्य इकाई भवन निर्माणको लागि रु. २८लाख बजेट बिनियोजन गरेको छु, साथै आवश्यकता हेरी थप स्थानमा स्वास्थ्य इकाई केन्द्र स्थापना गर्न आवस्यक बजेट को व्यवस्था मिलाएको छु ।
- **उपाध्यक्ष सफा आमा स्वस्थ शिशु** कार्यक्रम संचालनमा ल्याई सुरक्षित मातृत्व तथा परिवार स्वास्थ कार्यक्रम प्रभावकारी तथा गुणस्तरिय बनाउन रु. ४ लाख बिनियोजन गरेको छु ।

- अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत घरभेट सहितको स्वास्थ्य परिक्षण तथा उपचारका लागि रु. ४ लाख बिनियोजन गरेको छ ।
- गर्भवती महिला तथा बालबालिकाहरुको पोषण स्थितिको लेखाजोखा गरि कुपोषण न्यूनीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- पाठेघर झर्ने (आङ खस्ने ) समस्या झेलिरहेका महिलाहरुलाई निशुल्क सल्यक्रिया शिविर संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- कोभिड-१९ को प्रभाव देखिन सक्ने अवस्थालाई मध्यनजर गर्दै रोकथाम एबं व्यवस्थापन, मनोपरामर्स तथा जनचेतना मुलक कार्यक्रमको लागि रु. २० लाख बजेट बिनियोजन गरेको छ ।
- गाउँपालिका क्षेत्रमा जिर्ण रहेका खानेपानी योजनाहरु चुस्त दुरुस्त पार्न, योजनाहरुको मर्मत सम्भार गर्न, सेवा स्तर वृद्धि गर्न, पानि सुरक्षा योजना लागु गर्न, पानी परिक्षण ल्याब प्रभावकारी संचालन गर्न वास युनिट शाखा मार्फत संचालन हुने गरि रु.२५ लाख बजेट बिनियोजन गरेको छ ।
- लटिनाथ खेल मैदान र तपोवन खेल मैदानको थप स्तर उन्नतिको लागि रु. ३५ लाख बिनियोजन गरेको छ ।
- मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रबाट पहिचान बढाउने र खेलाडी प्रोत्साहन गर्ने नीति अनुरुप आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- पारीबगड-गुल्जर-परमचुला सडकलाइ तिब्र गतिमा संचालन गर्न संघ सरकारबाट प्राप्त समपुरक अनुदान रु. ७० लाखमा थप गरि गाउँपालिका बाट रु. ५० लाख बजेट बिनियोजन गरेको छ ।
- लटिनाथ—सार्सी-बजानी-दुनि सडकलाइ तिब्रताका साथ अगाडी बढाउन प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु.२५ लाखमा थप गरि गाउँपालिका बाट रु. २५ लाख बिनियोजन गरेको छ ।

- शेरी-मर्मीति-तपोवन सडक, पडपडा-बार्कु सडक, सार्सी—मटेला सडक, च्युरानी-खोटयाडेरा—बग्जेवाला—दुनि सडक, पारिबगड-वाथी-तोलिमान्डु सडकको निर्माण कार्य संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरि अगाडी बढाउन  बजेटको व्यवस्था मिलाएको छु ।
- झोलुंगे पुल निर्माण कार्यको लागि संघ सरकार बाट रु. ३०लाख बजेट प्राप्त भएकोमा गाउँपालिकाबाट समपुरक  वाफत थप रु. ५लाख बजेट बिनियोजन गरेको छु ।
- निर्माणाधीन प्रशासकीय भवनका लागि संघीय सरकारबाट प्राप्त हुने बजेटमा थप गाउँपालिकाबाट रु. ५० लाख बिनियोजन गरेको छु ।
- निर्माणाधीन वडा न ५ को कार्यालय भवन निर्माण को लागि रु. २० लाख बिनियोजन गरेको छु  साथै  निर्माण गर्न बाकीं रहेका वडा कार्यालयका भवन निर्माण कार्य अगाडी बढाउन प्रदेश सरकारसंग समन्वय गरि  बजेटको व्यवस्थापन गरिने छ |
- विद्युतीकरण हुन बाकी रहेका प्रतेक घरधुरीमा २ वर्ष भित्र बिजुलीबत्ती जडान गर्ने नीति अनुरुप बिधुत प्राधिकण संगको साझेदारीमा कार्य अगाडी बढाउन बजेटको व्यवस्था मिलाएको छु ।
- मार्माका ब्यापारिक केन्द्र बिन्दु मानिएका मुख्य बजार सडक छेउमा सोलार बत्तीको ब्यबस्था गर्न राष्ट्रिय ग्रामिण उर्जा तथा नबिकरणीय उर्जा कार्यक्रममा संघीय सरकारबाट र. १० लाख प्राप्त भएकोमा गाउँपालिका बाट थप  बजेट बिनियोजन गरेको छु ।
- चालु आ.व.मा प्रदेश सरकारको सांसद बिकास कोषको बजेट बाट निर्माणाधीन अधुरा रहेका महादेव आ.बि मटेला, भुवनेश्वरि आ.बि बारौ, सिपलरि शिशु कक्षा भवन निर्माण सम्पन्न गर्न रु. ३७ लाख बिनियोजन गरेको छु ।
- **उच्च पहाडी एवम हिमाली क्षेत्र सम्वृद्धि** कार्यक्रमको साझेदारीको लागि रु. २०लाख बिनियोजन गरेको छु ।
- लघुवित्त साझेदारी कार्यक्रम संचालन गर्न रु. ४० लाख बिनियोजन गरेको छु ।
- १० बर्षे जनयुद्ध को क्रममा सहादत प्राप्त गर्ने योद्धाहरुको परिवारलाई प्रोत्साहन वाफत दिदै आएको प्रोत्साहन भत्ताको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- सहिद छात्रवृत्ति कोषमा रु. ५लाख बिनियोजन गरेको छु, सो कोषमार्फत दलित, बिपन्न तथा शहिद परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- मार्मा गाउँपालिका भित्र स्थायी वसोवास भएका र मार्मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयबाट एस.ई.ई.परीक्षा उत्तीर्ण गरेका उत्कृष्ट एक जना विद्यार्थीलाइ एम.वि.वि.एस. अध्ययन गर्न बार्षिक रु १० लाख विनियोजन गरेको छु ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको क्षमता बिकास तथा पालिका क्षेत्रमा गरिने अभियानात्मक क्रियाकलापहरुका लागि रु. ८ लाख बिनियोजन गरेको छु ।
- गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई थप व्यवस्थित गर्न तथा वडा मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गर्न रु. १५ लाख बिनियोजन गरेको छु ।
- गाउँपालिका प्रकोप व्यवस्थापन कोष स्थापना गरि विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्न रु. १५लाख बजेट बिनियोजन गरेको छु।
- फोहरमैला विसर्जनको दिर्घकालिन समाधानका लागि डम्पिङ साइड निर्धारण गर्ने काम अध्ययन गरि कार्यान्वयनमा ल्याउन बजेट बिनियोजन गरेको छु ।
- वन तथा वातावरण क्षेत्रको संरक्षणको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- वडा कार्यालयहरुबाट संचानल हुने योजना तथा कार्यक्रमका लागि रु. १करोड २०लाख बजेट बिनियोजन गरेको छु ।

अन्तमा बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिका अध्यक्ष ज्यु, जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पूर्ण रास्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार प्रकट गर्न चाहन्छु । बजेट कार्यान्वयनमा समेत यहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

!!!

**धन्यवाद**